नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, दैलेख

मिति:- २०७६/१२/०६

# "अत्यन्त जरूरी सूचना"

छिमेकी मित्रराष्ट्र चीन हुँदै विश्वभर माहामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तपसिलमा उल्लेखित कार्यहरू गर्नु गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

१. २०७६ चैत ६ गतेदेखी संचालन हुन गइरहेको Secondary Education Examination (SEE), हाल संचालनमा रहेका तथा आगामी दिनमा हुनेगरी निर्धारण गरिएका सि.टि.ई.भि.टि. र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

२. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट संचालित सबै प्रकारका बाल विकास केन्द्रहरू, आधारभूत तथा माध्यमिक विद्यालयहरू, शैक्षिक प्रतिष्ठानहरू र विश्वविद्यालयको पठनपाठन २०७६ चैत मसान्तसम्म बन्द गर्ने।

३. सरकारी, सामुदायिक र निजी क्षेत्रका तालिम केन्द्र तथा प्रतिष्ठानहरू एवम् निजी क्षेत्रका शैक्षिक परामर्श केन्द्रहरूबाट संचालित कार्यक्रमहरू २०७६ चैत मसान्तसम्मका लागि बन्द गर्ने। साथै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट संचालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा, सम्मेलनजस्ता कार्यक्रमहरू २०७६ चैत मसान्तसम्म बन्द गर्ने।

४. होटेल, मोटेल, रिसोर्ट, लज तथा रेष्टुरेन्टका संचालकहरूले ज्वरो मापन गर्ने उपकरण तथा सामाग्रीहरूको व्यवस्था गरी उक्त स्थानहरूमा प्रवेश गर्ने व्यक्तिहरूको स्वास्थ्य जाँच (Health Screening) गर्ने। साथै हात सफा गर्ने Sanitizer लगायत सफाइका सामाग्रीहरूको प्रबन्ध गरी कार्यस्थल, शौचालय आदि स्थान र टेबल, कुर्सी, बार-रेलिङ्गमा नियमित रूपमा Disinfection गर्ने, गराउने।

५. COVID-19 बाट संक्रमण भई उपचार गर्नुपर्ने भएमा त्यस्ता बिरामीहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सरकारी, सामुदायिक तथा निजी अस्पतालहरूबाट उपचार गराउने व्यवस्था मिलाउने।

६. सांस्कृतिक केन्द्रहरू, खेल स्थल, जिम, हेल्थ क्लब, मनोरञ्जन स्थल तथा क्लब आदिलाई २०७६ चैत मसान्तसम्म बन्द गर्ने।

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, दैलेख

७. अत्यावश्यक काममा बाहेक आवतजावत, हिडडुल नगर्ने। सांस्कृतिक, सामाजिक र त्यस्ता कार्यहरूमा मठमन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र सार्वजनिक स्थलहरूमा २५ जना भन्दा बढी मानिसहरू भेला नहुने।

८. प्रकरण ६ र ७ बमोजिमको व्यवस्थाको कार्यान्वयन र अनुगमन स्थानीय तहले समेत गर्ने।

९. यातायात व्यवसायीहरूले सार्वजनिक सवारी साधनहरूमा सीट क्षमता भन्दा बढी यात्रु ओसारपसार नगर्ने, नगराउने। साथै, सर्वसाधारण नागरिकहरूले भीडभाड गरी यात्रा नगर्ने। यसको अनुगमन जिल्ला प्रहरी कार्यालयले गर्ने।

१०. यात्रुवाहक सार्वजनिक यातायातका सवारी धनीले सवारी साधन चलाउंनु अघि सवारी साधनलाई Disinfection गर्ने। जिल्ला प्रहरी कार्यालयले यसको अनुगमन गर्ने।

११. बजारमा उपभोग्य सामाग्रीको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालोबजारी तथा मिसावट गर्ने, गराउनेलाई प्रचलित कानून बमोजिम तत्काल कडा कारवाही हुनेछ। दैदिक उपभोग्य अत्यावश्यक सामाग्रीहरूको पर्याप्त मौज्दात भएकोले आम उपभोक्ताले आफूलाई आवश्यक पर्ने परिमाणमा मात्र सामग्रीहरू खरिद गर्ने र अनावश्यक सञ्चय नगर्ने। यस कार्यको अनुगमन उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय र जिल्ला प्रहरी कार्यालय समेतले गर्ने।

१२. सर्वसाधारण नागरिकहरूमा भ्रम सिर्जना गर्ने वा त्रास फैलाउने गरी कुनै पनि सञ्चार माध्यम (सामाजिक संजाल समेत)बाट भ्रामक एवम् आधारहीन अभिव्यक्ति दिएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुनेछ।

१३. सार्वजनिक सेवा प्रवाह गर्ने सबै सरकारी, सार्वजनिक, सामुदायिक, निजी तथा गैरसरकारी संस्थाहरूले आफ्नो कार्यालयको भवन र परिसरको नियमित रूपमा सरसफाई गर्ने। कार्यालय प्रवेश द्वारहरूमा अनिवार्य रूपमा सेनिटाइजरको व्यवस्था गर्ने। नागरिकलाई प्रत्यक्ष सेवा प्रवाहमा संलग्न हुने कर्मचारीहरूले सेवा प्रवाह गर्दा स्वास्थ्य सतर्कता अपनाउने।

१४. रानीमत्ता, राकम, दहीखोला आदि नाका हुँदै स्थलमार्गबाट जिल्लामा प्रवेश गर्ने सबै यात्रुहरूलाई स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय र जिल्ला प्रहरी कार्यालयले समन्वय गरी Health Declaration Form अनिवार्य भर्न लगाई स्वास्थ्य जाँचको कार्यलाई कडाईका साथ कार्यान्वयन गर्ने।

२०७६।१२।६

सहायक प्रमुख जिल्ला अधिकारी